Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३२० | वि.सं. २०८२ फागुन २८ बिहिवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष नवमी | Thursday 12 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## कत्था फ्याक्ट्रीको फोहोर पानीले भिखारी पुर्वा-पर्वतीपुर क्षेत्र दुर्गन्धित

**सरला सुवेदी**
**बाँके ,२७ फाल्गुन ।**

बाँकेको भिखारी पुर्वा-पर्वतीपुर क्षेत्रको नहरमा कत्था फ्याक्ट्रीबाट फालिएको फोहोर पानी मिसिँदा स्थानीय बासिन्दाको जनजीवन कष्टकर बन्दै गएको छ। दुर्गन्धित तथा कालो पानीका कारण नहर आसपासका बस्तीमा बसोबास गर्ने नागरिक मात्र होइन, पशुपन्छीको ज्यानसमेत जोखिममा परेको स्थानीयवासी रमेश मौर्यले बताएका छन्।

स्थानीय शिया यादवका अनुसार राँझा नहरबाट बग्ने पानी बनिया गाउँ हुँदै जानकी गाउँपालिकाको इलाका प्रहरी कार्यालय खाजुराखुर्द नजिकको नालासम्म पुग्दा अत्यन्तै कालो र दुर्गन्धित भएको छ। कत्था फ्याक्ट्रीबाट निस्कने फोहोर पानी नहरमा मिसाइएपछि नहरको पानी प्रयोग गर्न नसकिने अवस्था बनेको उनले बताए।

उनका अनुसार नहरको पानीबाट आउने दुर्गन्धले आसपासका बस्तीका बासिन्दालाई बस्नै कठिन बनाएको छ। "पानी निकै गन्हाउने र कालो भएपछि यहाँको वातावरण नै बिग्रिएको छ," यादवले भने, "नहरको पानीले पशुपन्छी बिरामी पर्न थालेका छन् भने खेतबारीमा सिँचाइ गर्दा अन्नबालीमा पनि नराम्रो असर परेको छ।"

स्थानीय किसानहरूका अनुसार पहिले सिँचाइका लागि प्रयोग गरिने



यही नहर अहिले प्रदूषित भएपछि खेतीपातीसमेत प्रभावित हुन थालेको छ। कालो र दुर्गन्धित पानी खेतमा हाल्दा माटोको गुणस्तर बिग्रने डर किसानहरूमा बढेको छ। कतिपय किसानले त सिँचाइ गर्न नै छोड्नुपर्ने अवस्था आएको बताएका छन्।

स्थानीय बासिन्दाका अनुसार लामो समयदेखि उक्त फ्याक्ट्रीबाट निस्कने फोहोर पानी नहरमा मिसाइँदै आएको छ। यसले वातावरणीय जोखिम बढ्दै गएको उनीहरूको गुनासो छ। दुर्गन्धका कारण नहर आसपास बसोबास गर्ने नागरिकलाई दैनिक हिँडडुल गर्नसमेत कठिनाइ भइरहेको स्थानीयले बताएका छन्।

यस विषयमा जानकी गाउँपालिका वडा नं. ५ का अध्यक्ष तथा गाउँपालिका प्रवक्ता टिकानाथ यादवले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन्। उनले बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङलाई जानकारी गराउँदै सम्बन्धित निकायलाई तत्काल अनुगमन गरी आवश्यक कारबाही गर्न आग्रह गरिएको बताए।

यादवले फ्याक्ट्रीबाट नहरमा फोहोर पानी मिसाउने कार्यले स्थानीयको स्वास्थ्य, पशुपन्छी तथा कृषिमा गम्भीर असर पारिरहेको भन्दै यस्तो गतिविधि तत्काल नियन्त्रण गर्नुपर्नेमा जोड दिए। "यो विषय जनस्वास्थ्य र वातावरणसँग प्रत्यक्ष जोडिएको छ, त्यसैले सम्बन्धित निकायले तुरुन्तै कदम चाल्नुपर्छ," उनले भने।

यसैबीच जानकी गाउँपालिका अध्यक्ष छब्बन खाँले पनि घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। उनले यो विषय जनस्वास्थ्य र वातावरणसँग सम्बन्धित संवेदनशील विषय भएकाले गाउँपालिकाले सम्बन्धित निकायसँग समन्वय गरी छानबिन गर्ने तयारी गरिरहेको जानकारी दिए। अध्यक्ष खाँका अनुसार नहरमा फोहोर पानी मिसाउने गतिविधि पुष्टि भएमा कानुनी प्रक्रिया अनुसार आवश्यक

बाँकी ४ पेजमा

### इनिसा विक मृत्यु प्रकरण

## पोष्टमार्टम रिपोर्टप्रति आश्वस्त छैनन् पीडित परिवार

**ओम शाही**
**सुर्खेत, २७ फागुन ।**

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१, की १६ वर्षीया इनिसा विक शनिबार (२३ फागुन) बिहान ६ बजे घरबाट विद्यालय जान भन्दै निस्किइन। गुर्भाकोट नगरपालिका-६, बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर बस्दै आएकी उनी उषा बालबाटिका माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत थिइन। त्यसदिन उनी प्रयोगात्मक कक्षामा शिक्षकहरुले बोलाएको भन्दै घर छाडेकी थिइन। इनिसाकी आमा तिला विकले शनिबारको दिन विद्यालय नजान आग्रह गरिन। तर सरहरुले बोलाउनु भएको छ, चाँडै आइहाल्छु भन्दै इनिसा विद्यालय जान घरबाट हिँडिन। तिलाले बिहान ८ बजेपछि इनिसालाई फोन गरिन। तर उनको फोन स्वीच अफ थियो। बारम्बार फोन गर्दा बिना खबर मोवाइल अफ भएपछि तिलाले विद्यालयमा फोन गरिन्। विद्यालयले उनी नआएको खबर गऱ्यो। तिलालाई लाग्यो, छोरी साथीसँग गइ होली! तर त्यसको केही समयपछि तिलाको मोवाइलमा एक अपरिचत नम्बरबाट फोन




आयो। उक्त नम्बरबाट फोन गर्ने अपरिचित व्यक्तिले तिलालाई सोधे, 'तपाईं इनिसाको ममी हो ?' उक्त व्यक्तिलाई तिलाले आफु नै इनिसाको आमा भएको सुनाइन। ति व्यक्तिले आत्तिएर भने, 'तपाईंकी छोरी सहिदपार्कको जंगलमा अचेत अवस्थामा छिन्, तुरुन्त आउनुस्।' एक्कासी छोरी अचेत भएको खबर पाउनासाथ तिला ति व्यक्तिले भनेको स्थानमा हतारहतार पुगिन। त्यहाँ पुग्दा तिलाका आँखा अघि नसोचेको घटना घटेको थियो। इनिसा रक्ताम्मे शरीर लिएर अचेत अवस्थामा ढलेकी थिइन। कपाल लुछिएको, जुत्ता र मोजा अलगअलग अवस्थामा थिए। इनिसालाई यस्तो अवस्थामा देखेपछि आफन्तले तत्काल प्रहरीलाई खबर गरे। नतमस्तक सुतेकी इनिसाको शरीरमा कपडा थिएन। उनको शरिर कालो ज्याकेटले छोपेको थियो। 'कालो ज्याकेट हटाउँदै प्रहरीले छोरीको अनुहार देखायो।

छातीभरि नीलडाम थिए,' भक्कानिदै तीलाले भनिन्, 'छोरीको त्यो अवस्था देखेपछि मेरा शरीर काँप्न थाल्यो। आँखा तिरमिराउन थाले। म त्यहीँ बेहास भएछु। प्रहरीले छोरीलाई अस्पताल पुऱ्याएको पनि थाहा पाइनँ।' तत्काल पुगेको प्रहरीले वीरेन्द्रनगर-४, स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी इनिसालाई उद्दार गरेर कर्णाली प्रदेश अस्पताल पुऱ्यायो। तर उनलाई अस्पताललले मृत घोषणा गऱ्यो। घटनास्थलमा खटिएको प्रहरीले वीरेन्द्रनगर-९, घर भएका १६ वर्षीय एक बालकलाई घटनास्थलबाटै नियन्त्रणमा लियो। उनी माथि अनुसन्धान गर्दै जादा प्रहरीले थप तीन जना बालकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानबाट बलत्कारपछि इनिसाको मृत्यु भएको देखाएको छ। पीडित परिवाले चार जनाको सामुहिक बलत्कारपछि हत्या भएको भन्दै कर्तव्य ज्यान र जबरजस्ती करणीसम्बन्धी किटानी जाहेरी दर्ता गराएका छन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाले इनिसाको पोष्टमार्टम रिपोर्ट अनुसार

बाँकी ४ पेजमा

## दुई लाख ३७ हजार किशोरीलाई क्यान्सरविरुद्धको खोप

**युग संवाददाता**
**काठमाडौँ, २७ फागुन ।**

पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप करिब दुई लाख ४० हजार किशोरीले लगाएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत माघ २५ देखि फागुन १५ गतेसम्म सञ्चालन गरेको अभियानमा दुई लाख ३७ हजार ९७२ जना किशोरीले पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए।

नियमित एचपिभी खोप लगाउने दुई लाख १५ हजार ३१४ जना र गत वर्षको खोप अभियानमा छुट भएका

बाँकी ३ पेजमा

## शुक्ला-लालझाडी-जोगबुडा कम्प्लेक्समा बाघ गणना सुरु

**युग संवाददाता**
**कञ्चनपुर, २६ फागुन ।**

कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जअन्तर्गत शुक्लाफाँटा-लालझाडी-जोगबुढा कम्प्लेक्समा मङ्गलबारदेखि बाघको गणना सुरु भएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले क्यामेरा ट्र्यापिङ विधिबाट राष्ट्रिय बाघ गणना सुरु भएको बताए।


उनका अनुसार प्रत्येक चार वर्षमा राष्ट्रिय बाघ गणना गर्दिँदै आएको छ। क्यामेरा ट्र्यापिङ विधिबाट पाँचौं पटक बाघ गणना गर्न लागिएको उक्त कम्प्लेक्समा १५ दिनसम्म सर्वेक्षण गरिनेछ। निकुञ्जका अनुसार बाघ हिँडडुल गर्ने क्षेत्रको पहिचान गरी बाटोको दायाँ-बायाँ स्वचालित क्यामरा जडान गरिएको छ। संरक्षण अधिकृत वाग्लेले भने, "त्यहीँ फोटोको आधारमा बाघ गणना गरिन्छ, क्यामेराले खिचेको बाघको पाटा अर्को बाघसँग मेल खाँदैन।"

उनका अनुसार शुक्लाफाँटामा बाघ गणनाका लागि ७७ जनाको प्राविधिक टोली खटिएको छ। त्यसैगरी आवश्यक भएको हात्तिसमेत परिचालन गरिनेछ। "यहाँ ११ वटा क्याम्पमा छुट्र्याएर जनशक्ति परिचालन गरिएको छ, २६० ग्रिडमा ५२० स्वचालित क्यामेरा जडान गरिएको छ", उनले भने।

"एक ग्रिडमा एक जोडी क्यामेरा जडान गरिन्छ।" निकुञ्जका अनुसार डडेल्धुराको आलितालमा २३ ग्रिड, शुक्लाफाँटाको बनखेडामा २३, वेदकोटमा २१, चिर्किट्टेमा १९, डाँडाजाइमा ३६, दोमिल्लामा ३१, कालिकिचमा २६, कुवा डाँडामा २३, नौलामा १६, शुक्लामा २३ र तिकेनीमा १९ ग्रिडमा क्यामेरा जडान गरिएको छ।

शुक्लाफाँटामा सन् २०२२ को राष्ट्रिय गणनाअनुसार ३६ वटा बाघ रहेकोमा निकुञ्जको आन्तरिक सर्वेक्षणमा ४३ वटा बाघ छन्। पछिल्लो समय राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्यामा उल्लेख्य रुपमा वृद्धि भएको छ। थोरै क्षेत्रफल भए पनि शुक्लाफाँटामा बाघको आहारा प्रजातिको घवत्व वढी भएका कारण यहाँ बाघको सङ्ख्या उलेख्य रुपमा बढेको संरक्षण अधिकृतहरु बताउँछन्। ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा मुलुकमै थोरै क्षेत्रफलमा धेरै बाघ भएको निकुञ्जले परिचित छ।

सुलभ दर र गुणस्तरिय छपाइ तोकिएकै समयमा ढुक्क ।
भवानी छापाखाना DIGITAL COLOUR PRINTER
• Screen Print • Offset Print • Digital Print
24 Years in Printing Experience
Quality & Quantity Printing House
क्यालेण्डर
स्पाइरल, साधारण, टेबल
B.C. Group
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20"x30" & 19"x25")
Multicolour Printing Machine
25000 Printing Per Hour
के तपाई गुणस्तरीय छपाइको खोजीमा हुनुहुन्छ ?



Service Related
Government Office | Bank
Private Office | NGO | INGO
Co-operative | School | College
भवानी छापाखाना
Birendranagar-6, Surkhet
9858067999, 9858060615
Industry: Birendranagar Industrial Area
E-: pressbhawani@gmail.com

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



• MINI BUS • JEEP/CAR
• EV VAN • SUMO JEEP

## सम्पादकीय....

# टुटफुटले सक्किदै वामपन्थी !

२१ फागुनमा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कर्णाली प्रदेशका १० जिल्लामा दलहरुले पाएको समानुपातिकतर्फको अन्तिम मत परिणाम सार्वजनिक भएको छ। सार्वजनिक मतपरिणाम अनुसार समानुपातिकतर्फ पनि नेपाली कांग्रेस पहिलो दल बनेको छ। कांग्रेसले १२ निर्वाचन क्षेत्र मध्य प्रत्यक्षमा पाँच सिट जितेर पहिलो दल बनेको थियो। कांग्रेसले समानुपातिक अर्थात सांगठनिक भोटतर्फ प्रदेशभर एक लाख ४१ हजार दुई सय ३३ मत प्राप्त गरेको छ। समानुपातिक भोटमा कांग्रेस पहिलो दल बन्दा आफुलाई सांठनिकरुपमा बलिया ठान्ने वामपन्थीहरु कर्णालीमा २०७९ बाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भन्दा कमजोर बन्न पुगेका छन्। कुनै समय कम्युनिष्ट आन्दोलनको गढ मानिने कर्णाली वामपन्थिमा आएको तीव्र ध्रुविकरणले एमाले र नेकपाको प्रभाव कमजोर बन्दै गएको यी दलले चुनावमा पाएको जनसमर्थनले देखाउँछ। यसपटक प्रत्यक्षतर्फ चार सिट जितेर दोस्रो दल बनेको नेकपा सांगठनिक भोटमा भने चौथों बरियतामा पुगेको छ।

रास्वपाले एक लाख ३३ हजार सात सय ४९ मत समानुपातिकतर्फ पाएर दोस्रो दल बन्दा नेकपा एमालेले एक लाख २० हजार आठ सय ३३ मत प्राप्त गरेर तेस्रोमा खुम्चिएको छ। यसअघिका निर्वाचनमा एमालेले कर्णालीबाट लोकप्रिय मतका साथ पहिलो स्थानमा रहदै आएको थियो। यस्तै, कर्णालीलाई आफ्नो आधार इलाका मान्ने नेकपाको संगठन पनि यस पटक खस्किएको छ। उसले एक लाख ७१ हजार एक मत समानुपातिकतर्फ पाएको छ। यस्तै, राजावादी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले १५ हजार सात सय ५५ र प्रगतिशिल लोकतान्त्रिक पार्टी (प्रलोपा) ले आठ हजार पाँच सय ३७ मत प्राप्त गरेका छन्। नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) माओवादीले पाँच हजार नौ सय ३६, नेपाल मजदुर किसान पार्टीले पाँच हजार एक सय ३० मत पाएका छन्। केही समयअघि धरानका निवर्तमान मेयर हर्कराज राईले स्थापना गरेका श्रम संस्कृति पार्टीले समेत कर्णालीमा समानुपातिकतर्फ आश्चर्यजनक भोट पाएको छ।

श्रम संस्कृतिले चार हजार ६ सय ५७ मत प्राप्त गरेको छ। प्रदेशभर यो मत अन्य साना दलको हाराहारीमा छ। २०७९ मा समानुपातिकतर्फ एमाले पहिलो, कांग्रेस दोस्रो र तत्कालिन माओवादी हालको नेकपा तेस्रो स्थानमा थिए। तर यो पटक भने नतिजा फेरिएर पहिलो कांग्रेस, दोस्रो रास्वपा, तेस्रो एमाले बन्दा नेकपा चौथो बरियतामा धकेलिएको छ। कर्णालीको जिल्लागत मत परिणामलाई हेर्दा मतदाताले पुराना दलहरूको विकल्प खोजेको स्पष्ट देखिन्छ। विशेषगरी सुर्खेत, सल्यान र दैलेखमा रास्वपाको उदयले अबको राजनीतिमा नयाँ शक्तिलाई बेवास्ता गर्न नसकिने सन्देश दिएको छ। यद्यपि, हिमाली जिल्लाहरूमा भने अझै पनि नेपाली कांग्रेस र एमालेकै पकड कायम देखिन्छ। नेकपा (माओवादी) को प्रभाव क्षेत्र मानिने ठाउँहरूमा नेकपाले आफ्नो साख जोगाउने प्रयास गरेको छ। यसपटकको मतपरिणामले टुटफुटका कारण वामपन्थीहरु सक्किन थालेको संकेत गर्छ।

## विश्व

# जापानले लामो दूरीको मिसाइल तैनाथ गर्दै

**टोकियो, २६ फागुन ।**

क्षेत्रीय सुरक्षा चुनौती तीव्र बन्दै गइरहेका बेला जापानले आफ्नो पहिलो स्वदेशी विकसित लामो दूरीको मिसाइल प्रणाली तैनाथ गर्ने तयारी अघि बढाएको छ। सेनाका लन्चरहरू सोमबार राति जापानको दक्षिणपश्चिमी प्रान्त कुमामोटोस्थित क्याम्प केङ्गुनमा ल्याइएपछि अपग्रेड गरिएको टाइप-१२ ल्यान्ड-टु-शिप मिसाइल तैनाथ गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताइएको छ। जापानले बढ्दो क्षेत्रीय तनाव र सुरक्षा जोखिमलाई ध्यानमा राख्दै आफ्नो प्रतिरक्षा क्षमता थप सुदृढ बनाउने रणनीतिअनुसार यो कदम चालेको हो।

मुख्य क्याबिनेट सचिव मिनोरु किहाराले अपग्रेड गरिएको टाइप-१२ मिसाइलहरू मार्चको अन्त्यसम्म क्याम्प केङ्गुनमा तैनाथ गरिने जानकारी दिए। यद्यपि तैनाथीसम्बन्धी विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन। मिसाइलका लन्चर तथा अन्य सैन्य उपकरण बोकेका गाडीहरू अत्यन्त गोप्य रूपमा मध्यरातमा शिविरमा पुगेका थिए। स्थानीय बासिन्दामध्ये केहीले यस कदमको विरोध जनाउँदै शिविर बाहिर भेला भई 'लामो दूरीका क्षेप्यास्त्र तैनाथी रोक्नुपर्छ' भन्ने नारासहित ब्यानर प्रदर्शन गरेका थिए।

यस कदमप्रति विपक्षी दल तथा स्थानीय प्रशासनले पारदर्शिताको अभाव भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। उनीहरूले यस्तो तैनाथीले क्षेत्रीय तनाव थप बढाउन सक्ने र स्थानीय क्षेत्र सम्भावित सैन्य आक्रमणको लक्ष्य बन्न सक्ने चिन्ता व्यक्त गरेका छन्। कुमामोटोका गभर्नर ताकाशी किमुराले प्रान्तीय प्रशासनलाई औपचारिक रूपमा जानकारी नदिइएको गुनासो गर्दै पत्रकारहरूसँग भने, "प्रान्तलाई यसबारे कहिल्यै औपचारिक जानकारी दिइएको थिएन। मिडिया रिपोर्टबाट मात्र थाहा पाउनु अत्यन्त निराशाजनक हो।"

जापानले दक्षिणपश्चिमी क्षेत्रमा सैन्य संरचना विस्तार गर्ने योजनाअन्तर्गत यो मिसाइल तैनाथीलाई तीव्रता दिएको हो। ताइवान वरपरको बदलिँदो क्षेत्रीय परिवेशलाई ध्यानमा राख्दै जापानले आफ्नो सुरक्षा तयारीलाई क्रमशः सुदृढ बनाउने पहल गरेको हो। सोही क्रममा रक्षा मन्त्रालयले गत वर्ष मिसाइल तैनाथीको समयतालिकालाई करिब एक वर्ष अगाडि सार्ने व्यवस्था गरेको थियो।

मित्सुबिशी हेभी इन्डस्ट्रिजले विकास तथा उत्पादन गरेको अपग्रेड गरिएको टाइप-१२ मिसाइलको मारक क्षमता करिब एक हजार किलोमिटर (६२० माइल) रहेको छ। यो दायरा पहिलेको करिब २०० किलोमिटर (१२५ माइल) क्षमताबाट निकै विस्तार गरिएको हो। यसले जापानको मुख्य भूमिबाट चीनको भूभागसम्म पुग्न सक्ने क्षमता राख्ने बताइएको छ। यही मिसाइल प्रणाली यस वर्षको अन्त्यतिर टोकियोको पश्चिममा रहेको सिजुओका प्रान्तस्थित क्याम्प फुजीमा पनि तैनाथ गरिने योजना रहेको छ।

पछिल्ला वर्षहरूमा क्षेत्रीय सुरक्षा अवस्थालाई ध्यानमा राख्दै जापानले आफ्नो सुरक्षा तयारीलाई क्रमशः सुदृढ बनाउँदै आएको छ। सोही क्रममा पूर्वी चीन सागर नजिकका दक्षिणपश्चिमी टापुहरूमा सुरक्षा पूर्वाधार विस्तार गरिएको छ। ओकिनावा, इशिगाकी र मियाको लगायतका टापुहरूमा पीएसी-३ अवरोधक प्रणाली तथा मध्यम दूरीका सतह-देखि-हावा मिसाइल प्रणालीहरू पनि क्रमशः तैनाथ गरिएका छन्।

गत महिना जापानका रक्षामन्त्री सिन्जिरो कोइजुमीले सन् २०३१ मार्चसम्म ताइवानको पूर्वतर्फ रहेको जापानको पश्चिमी टापु योनागुनीमा मध्यम दूरीको सतह-देखि-हावा मिसाइल प्रणाली तैनाथ गरिने योजना सार्वजनिक गर्नुभएको थियो।

प्रधानमन्त्री ताकाइचीले यस वर्षको अन्त्यसम्म जापानको सुरक्षा तथा रक्षा नीति पुनरावलोकन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उनको सरकारले जापानी सेनालाई मानव रहित लडाकू प्रणाली तथा लामो दूरीका मिसाइलमार्फत अझ सुदृढ बनाउने लक्ष्य लिएको छ। यसैबीच सरकार आगामी हप्ताहरूमा घातक हतियार निर्यातसम्बन्धी कडा प्रतिबन्धहरू खुकुलो बनाउने तयारीमा रहेको बताइएको छ। प्रधानमन्त्री ताकाइचीको दल र सत्तारूढ गठबन्धनका साझेदारहरूले हालै प्रस्तुत गरेको प्रस्तावअनुसार जापानको रक्षा उद्योगलाई विस्तार गर्ने तथा मित्र राष्ट्रहरूसँग सैन्य सहकार्य बढाउने नीति अघि सारिएको छ।

# मध्यपूर्व युद्ध र नेपालमा पर्नसक्ने आर्थिक प्रभाव



✍ **रिसव गौतम**




पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट सुरु भएको युद्धको क्रममा अहिलेसम्म एक हजार २५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन्।

अन्तरराष्ट्रिय समाचार संस्था एलजजीरा न्युजले मार्च ९ मा प्रकाशित गरेको समाचारअनुसार अमेरिका, इजराइल र इनरानबीच भएको युद्धका क्रममा सोमबारसम्म एक हजार २५० जनाको मृत्यु भएको उल्लेख छ। युद्ध इरान र इजराइलमा मात्र सीमित नरहेर खाडीका सबैजसो देशहरूमा फैलिसकेको छ। मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ। खासगरी अन्तरराष्ट्रिय बजारमा कच्चा तेल तथा प्राकृतिक ग्यासको भाउ बढ्दा अरु सबै उपभोग्य वस्तुहरूमा महँगी बढ्न थालेको छ।

युद्ध सुरु भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० बरिष्ठ अधिकारीहरू मारिएका थिए। अहंकारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्र प्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन्।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन्। यद्यपि, आलोचना शान्ति भडकाउने नभई कुटनीतिक एवं सौम्य देखिन्छ। उनीहरूले सो युद्धमा आफैं सहभागी हुने गरी चेतावनी भने दिएका छैनन्। भारत तथा चीनलगायत देशहरू मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरूलाई सम्झाउने र बार्तामार्फत हल गर्ने भूमिकामा छन्।

इरानमाथि इजराइल तथा अमेरिकाले कडा सैन्य कारवाही थालेपछि त्यसको बाछिटा साउदी अरेयिबा, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ। खासगरी ती देशहरूमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा इरानले हमला गरेका समाचार छन्। इजराइल तथा इरानबीचको द्वन्द्वमा अहिले लेबलान, अमेरिका, साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रुपमा प्रभावित छन्।

खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरू ध्वस्त नगरी युद्ध नछोड्ने खालका संकेत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन्। उनले युद्ध अझै केही दिनसम्म लम्बिनसक्ने सङ्केत समेत गरेका छन्।

संसारमा अहिले साना तथा गरिब देशहरू युद्धबाट बढी प्रताडित छन्। एकातिर युद्धका कारण धनी देशहरूबाट उनीहरूले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर ब्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरूले नै खेपिरहेका छन्।

त्यसमाथि यस्ता खालका क्षेत्रीय तथा विश्व युद्धहरूमा गरिब तथा विपन्न देशका मानिसहरू युद्धमा प्रयोग भइरहेका छन्। व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको शिकार भइरहेका छन्। जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रुस र युक्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन्। नेपाली मात्र होइन, कयौं त्यस्ता गरिब देशका नागरिकहरू युद्धमा सिपाई भएर होमिएका छन्। मारिने उनीहरू नै बढ्ता छन्। धनी देशहरूको पैसा मात्र मरिरहेको छ तर युद्ध र अशान्तिमा मारिनेहरू पनि गरिवहरू नै धेरै छन्।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरसी) ले जनाए अनुसार उसको 'टुथफुल प्रोसिस ४' अभियानअन्तर्गत अमेरिका इजराइल आक्रमणको प्रतिकारस्वरुप खाडी देशहरूमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्ति माथि प्रहार गरिएको छ।

अमेरिका तथा इजराइलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरूको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ। युद्ध रोकिने वा रोक्ने भन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरू ब्यापक भइरहेका छन्। यसले विश्वव्यापी रुपमा गरिब तथा श्रम निर्यातक देशहरू बढी प्रताडित हुने देखिएको छ।

**नेपाललाई असर**

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकिन छैन। खासगरी नेपालजस्ता श्रम निर्यातक देशहरू त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ। अहिले नै संयुक्त अबर इमिरेट्समा कार्यरत एक नेपालीले त्यहाँको अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन्। भोलिका दिनहरूमा त्यस्ता घटनाहरू नदोहोरिएला भन्न सकिन्न।

यदि कथंकदाचित युद्ध लम्बदै गयो र ती देशहरू पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारी समेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ। खाडी देशहरूमा १९ लाख हाराहारी नेपाली रोजगार छन्। उनीहरूले पठाएको रेमिट्यान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ। नेपालमा पछिल्ला दशक जे जति गरिबी घटेको छ, जे जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरूको योगदान धेरै छ। अहिले नेपालमा वार्षिक १७ खर्ब रेमिट्यान्स भित्रन थालेको छ। त्यसमा ५० प्रतिशत ज्यादा खाडीमा पसिना बगाउनेहरूको योगदान रहेको छ। त्यसकारण मध्यपूर्वमा युद्ध फैलदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ। युद्ध सुरु हुन गाह्रो हो, फैलन गाह्रो हुन्न। फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवं शासक देशहरूका लागि। ती देशहरूको अत्याधिक ध्यान आणविक भट्टीहरू, हतियारहरू, आधुनिक हतियारहरू, बम तथा बारुद बनाउनेमा केन्द्रित रहने गर्दछ। त्यसकारण युद्ध न सजिलै सुरु हुन्छ न त सजिलै बिदा हुन्छ। यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरूले कदम चाल्नुपर्छ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन। बरु शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ। त्यसभन्दा बढी आफना नागरिकहरू जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरुरी छ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रुप नलिओस्। त्यसैको कामना हाम्रो जस्तो देशले गर्न जरुरी छ। मूलतः चीन तथा अमेरिका गरी दुई ध्रुब्रमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरू भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ। यी देशहरूमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरूलाई मात्र असर गर्दैन। युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठूलो गिरावट आउँदा हाम्रो जस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरूका लागि कठिनाइ पर्नेछ। अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठूलो कम्पनी 'साउदी आराम्को'को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ। त्यहाँ रहेका सबैभन्दा ठूला तेल डिपोहरू समेत युद्धमा खरानी भएका समाचारमा आएका छन्।

इरानमा युद्ध चर्कदै गएपछि विश्व बजारमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्य समेत अचाक्ली बढिसकेको छ। गत सोमबार (मार्च ९) तारिकमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल ११५ डलर माथि पुगेको छ। दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ। त्यसको बाछिटा नेपाल जस्तो परनिर्भर देशहरूमा झन् बढी पर्नेछ। विश्लेषकहरूले नै तेलको मूल्य लामो समयसम्म १०० डलर भन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन्। यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन्।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपाल जस्ता देशहरूले यस्ता घटनाहरूको प्रताडना खेप्नुको कुनै गुन्जायस छैन्। युद्धका असरहरू बहुआयामिक छन्। जति धनीहरूलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरिब देशलाई पर्दछ। यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ। युद्ध सुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्ध भएका छन्। मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवं रेमिट्यान्समा निर्भर देशहरूलाई ठूलै झड्का लाग्ने सम्भावना छ। यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरूको रोजगारीको सुनिश्चितका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला।

**वृष:** आराम तथा मनोरञ्जनको समय छ। प्रियजनसँग दिन रमाइलो गरि बित्नेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ।

**मिथुन:** साहसी काम गरेर अरूको मन जित्न सकिनेछ। प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ।

**कर्कट:** परिस्थितिवश चिताएको काममा विलम्ब हुनेछ। अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ।

**सिंह:** परिवारमा असमझदारी देखिएला। साथीभाइले साथ नदिन सक्छन्। अरूको फाइदाका लागि उपयोग भइएला।

**कन्या:** नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। प्रतिस्पर्धीले हार खानेछन्। परिश्रम परे पनि समय निकै फलदायी रहनेछ।

**तुला:** बोलीको गलत अर्थ लाग्नाले मान-सम्मानमा आघात पुग्नेछ। विचार सम्प्रेषण गर्नुअघि राम्ररी विचार पुर्याउनुहोला।

**वृश्चिक:** परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**धनु:** खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन्। सापटी दिने बानीले पनि समस्या निम्त्याउनेछ।

**मकर:** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

**कुम्भ:** लामो समयदेखि प्रतीक्षा गरिएको काम सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**मीन:** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। मिहिनेत परे पनि सोचेको काम पूरा नहुन सक्छ।

# नयाँ सरकारसँग युवाको अपेक्षाः सुशासन, भ्रष्टाचार नियन्त्रण र रोजगारी

**युग संवाददाता**
**काठमाडौँ, २७ फागुन ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना अन्तिम चरणमा पुगेसँगै अब बन्ने नयाँ सरकारप्रति देशभरका युवापुस्ताको चासो र अपेक्षा बढेको छ। 'जेनजी' पुस्ताका युवाहरूले आगामी सरकारबाट सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र प्रणालीगत सुधारको अपेक्षा गरेका छन्।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित नवयुवाको उपस्थितिका कारण पनि युवामैत्री नीति, डिजिटल सेवा, सन्तुलित र पादर्शी विकास अब बन्ने सरकार केन्द्रित रहने आशा जेनजी पुस्ताले व्यक्त गरेका हुन्।

गत भदौ २३ गते भ्रष्टाचार र बेथितिविरुद्ध भएको 'जेनजी' प्रदर्शनमा सहभागी भएर घाइते हुनुभएका २५ वर्षीय मदन कार्कीले अब बन्ने सरकारले युवापुस्ताको माग र मर्मलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए। निर्वाचनमा मतदान गरेर फर्किएपछि उनले अब बन्ने सरकारप्रति सकारात्मक परिवर्तनको आशा राखेर आफू मतदानमा सहभागी भएको बताए।

कार्कीले सरकार र 'जेनजी' आन्दोलनका समूहबीच भएका १० बुँदे सहमति कार्यान्वयन हुनुपर्नेमा जोड दिए। "नेपालीले आफ्नै देशभित्र सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने वातावरण बनोस्। सुशासन कायम होस् र भ्रष्टाचारको अन्त्य होस्। अब बन्ने सरकारले आन्दोलनका क्रममा भएका घटनाका दोषीलाई कारबाही गर्नुपर्छ", उनले भने।

उक्त आन्दोलनका क्रममा घाइते भएकी लिजा अधिकारी अहिले पनि अस्पतालमा उपचाररत छिन्। बीस वर्षीया अधिकारीले अस्पतालको शय्याबाटै अब बन्ने सरकारले युवाका माग कार्यान्वयन गर्ने आफ्ना अपेक्षा व्यक्त गरे।

जेनजी आन्दोलनले उठाएका मुद्दाहरू भ्रष्टाचार अन्त्य, पारदर्शिता र सुशासन अबको सरकारले कार्यान्वयनमा ल्याउनुपर्नेमा अधिकारीले जोड दिए। "हामीले आन्दोलनमार्फत उठाएका माग पूरा हुनेमा विश्वास छ। सुशासनसँगै देशभित्रै रोजगारी सिर्जना गर्न सरकारले ध्यान दिनुपर्छ", उनले भने।

## दुई लाख..

२२ हजार ६४८ जना किशोरी रहेका छन्। शाखा प्रमुख डा गौतमका अनुसार अभियानमा नियमिततर्फ खोप लगाउने कक्षा ६ मा पढ्ने दुई लाख एक हजार ८९ छात्रा र विद्यालय नजाने १० वर्ष उमेर समूहका १३ हजार ५८५ किशोरी रहेका छन्। यस्तै सरकारले गत वर्षको एचपिभी खोप अभियानमा छुटेका अहिले कक्षा ७ देखि १० सम्म पढिरहेका १४ हजार ५८६ छात्राले खोप लगाएका छन्। यस्तै अभियानका क्रममा ११ वर्षदेखि १४ वर्षका विद्यालय नजाने आठ हजार ४९ किशोरी पनि खोप लगाएको छन्। छात्रा र किशोरीलाई खोप आ-आफ्नो विद्यालय र स्वास्थ्य संस्थामा लगाइएको थियो। शाखा प्रमुख डा गौतमले धनुषा, महोत्तरी, अर्घाखाँची, गुल्मी, पाल्पा र रोल्पा जिल्लाबाट विवरण प्राप्त गर्न बाँकी रहेको बताए।


## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति : २०८२/११/२८**

यस गोदावरी नगरपालिकाबाट मिति २०८२।१०।२० गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम निर्धारित समयभित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूतरुपमा प्रभावग्राही न्यून मूल्याङ्कित देखिएको हुँदा स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कामको विवरण, बोलपत्र संकेत नं. | बोलपत्रदाताको नाम, ठेगाना | मूल्याङ्कित रकम (मू.अ. कर र पी.एस बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|
| १. | Construction of blacktop road joining ward no 3 and 10. GM/NCB/W/2082/083/16 | M/S Creative Construction, Godawari Kailali | 42,16,781.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Gauriganga Municipality
## Office of Municipal Executive
**Chaumala, Kailali**

### Invitation for Electronic Bid

**Date of publication: 2026/03/12(Falgun 28th 2082)**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders National Competitive Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GGM/ GOODS/NC B/03/2082/083 | Supply and Delivery of Two-Wheeled Hard Top Jeep for Gauriganga Municipality | 58,40,708/- | 1,75,000/- | 3000/-NRS | 2nd Notice |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/03/30, (16th Chaitra, 2082). Detail Notice is published in the website of The Municipality.

**Chief Administrative Officer**

## Chingad Rural Municipality
## Office Of The Rural Municipalexecutive
**Awalching, Surkhet**
**Karnali province, Nepal**

### Invitation for Sealed Quotation

**First Date of publication: 12 th March 2026**

1. Chingad Rural Municipality, Office of Municipal Executive, Awalching, Surkhet invites electronic bid for eligible bidders as per details given below under NCB bidding Procedures.

| S. N. | Contract Identification Number | Description of works | Estimated Amount with PS (without VAT) | BID Validity Period | BID Security Amount. | Non-Refundable Fee for BID Document purchase (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | CRM/SQ/ WORKS/ 01/2082/083 | Dopke Sisnupole Aarukharka Lift Khanepani Yojana Three Phase Bidhut Bistar | 17,59,515.37 | 45 days | 50,000 | 1000 | |

2. All further information and bid documents can be inspected visiting the PPMO E-Portal www.bolpatra.gov.np And Chingad Rural Municipality Office Web Site www.chingadmun.gov.np

**For. Chief Administrative officer**

## Chaurjahari Municipality
## Office of the Municipal Executive
**Rukum (West)**

### Invitation for Bids (IFB)

**Date of publication: 2082/11/28**

1. Chaurjahari Municipality invites electronic bids from eligible bidders for the procurement of Works under National competitive bidding – Single Stage Single Envelope procedures,mentioned in the table below

| S. N | Description Of Work | Contract ID | Estimated Amount with VAT | Bid Security (NRs) | Bid Validity Period | Bid document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Quarter Block Second Package With Finishing chaurjahari Municipalyity, Rukum west | CJM/WORKS/ NCB/06/082/083 | 9021191.36 | 205000.00 | 90 Days From Bid Opening | 3000 |

2. Elligible bidders may obtain further information from PPMO's website:www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Chaukune Rural Municipality
## Office of the Rural Municipal Executive
**Gutu, Surkhet**
**Karnali Provience, Nepal**

### Invitation for Bids

**Date of publication: 2082/11/28**

1. Chaukune Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of works mentioned in table below, under Sealed Quotation procedures.

| S. N | Construction Identification Number/Work Description | Estimated Amount without VAT, P.S and Contingencies (NRs) | Bid Security (NRs) | Bid Validity Period | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | Bahuddasiya Sishak Mahasangh Bhawan Nirman Aayojana CRM/SQ/WORKS-01-082-083 | 16,78,232.42 | 42,000 | 45 Days from Bid opening | 1000 |
| 2 | Ne.Ra Pra.Bi Kaprikada Deualko Tala Thap Aayojana CRM/SQ/WORKS/02/082-083 | 14,73,228.02 | 40,000 | 45 Days from Bid opening | 1000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaukune Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf. format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Laxmi Sunrise Bank Gutu Branch Surkhet.**
**Name of Office: Chaukune Rural Municipality, Gutu, Surkhet.**
**Office Account no: 09603000022 ( AANTARIK RAJASHWA KHATA)**
**Office Account no: 09603000172 ( DHARAUTI KHATA)**
**Office Code No: 80668502300**
4. Electronic bids must be submitted to the office by through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2082/12/12. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.M ON 2082/12/12 at the office of Chaukune Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to as mentioned as in above table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

## Dullu Municipality
## Office of Municipal Executive
**Dullu, Dailekh**
**Karnali Province, Nepal**

### Invitation For E-Bids

**(First Date of publication : 2082/11/28)**

1. Dullu Municipality Office invites only Electronic bids from Nepalese eligible bidders for the Following Works under NCB procedures..Bidder have only option to submit their bid electronically & Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically.
**Name of the Bank: Rastriya Banijya Bank,**
**Office Code No. : 66-365-08**
**Rajaswa KhataNo. 4340100301010002**
**Dharauti Khata No: 4340100303000002**
2. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon before 12:00 Noon of 2082/12/29. Bids received after this deadline will be rejected.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.

| S. N. | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | WORKS/NCB/ DM/31/2082/083 | Bajad Deutichaur Dabbazar to Bhaneshwor Road Upgrading works ward No 1 & 2 of Dullu Municipality | 3060917.12 | 105000 | 3000 | 120 days |

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक


# प्रतिनिधिसभा बैठक आह्वानको तयारी गरिँदै

**युग संवाददाता**
**काठमाडौँ, २७ फागुन ।**

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम आउनेक्रम अन्तिम चरणमा पुगेको छ। निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएलगत्तै प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी गर्न थालिएको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

नेपालको संविधानको धारा ९३ मा संसद् अधिवेशनको आह्वान र अन्त्यको व्यवस्था उल्लेख छ। उक्त प्रावधानअनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

संविधानमा ३० दिनभित्र भनिए पनि सचिवालयले भने बैठक आह्वानका लागि विगतदेखि एक वा दुई हप्ताभन्दा ढिला नगरेको सचिवालयका प्रवक्ता एकराम गिरीले राससलाई जानकारी दिए। "सचिवालयले नवनिर्वाचित सांसदहरूलाई काठमाडौँ आउनका लागि करिब १० दिनको समय दिएर संसद् बैठकका लागि सूचना आह्वान गर्छ। यहीबीचमा ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिनुहुन्छ र उहाँले अरु सांसदलाई शपथ गराउनुहुन्छ", उनले भने।

सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्यले सभामुखको भूमिका निर्वाह गर्ने कानुनी प्रावधान रहेको प्रवक्ता गिरीले जानकारी दिए। "संसद्को पहिलो बैठकले सभामुखको निर्वाचन घोषणा गर्छ, साथै सभामुखको अनुपस्थितिमा भूमिका निर्वाह गर्नका लागि प्रत्येक दलबाट तीन जनाका दरले सांसदको नाम मागेर अनुमोदन गरिन्छ। त्यसपछि बस्ने पहिलो बैठकमा अध्यादेश छन् भने पेस गरिन्छन्", उनले भने।

**मूल बैठक तयारी नभएकाले अर्को हलमा संसद् बैठक बस्ने**

निर्माणाधीन संसद् भवनको निर्माण सम्पन्न भइनसकेकाले अबको प्रतिनिधिसभाको केही समयसम्म अर्को प्रयोजनका लागि निर्मित हलमा बस्ने तयारी भइरहेको प्रवक्ता गिरीले जानकारी दिए। "प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि निर्माणाधीन भवनको बीचमा रहेको उक्त हलमा बैठक तयारीका लागि आवश्यक प्राविधिक व्यवस्थापन काम भइरहेको छ", उनले भने।

सहरी विकास मन्त्रालय र निर्माण कम्पनी टुण्डी सेक ज्वाइन्ट भेञ्चरबीच विसं २०७६ असोज १६ गते भएको सम्झौताअनुसार सङ्घीय संसद् भवन तीन वर्षभित्र अर्थात् २०७९ असोज १५ गतेसम्म निर्माण भइसक्नुपर्ने थियो। कोरोना महामारीलगायत विभिन्न कारण देखाउँदै हालसम्म उक्त भवन निर्माण सम्पन्न हुन सकेको छैन।

## कत्था...

कारबाही गरिनेछ। "यदि उद्योगबाट वातावरणीय मापदण्ड विपरीत काम भएको पाइयो भने कानुन अनुसार कारबाही हुन्छ," उनले स्पष्ट पारे। त्यस्तै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्यायले पनि स्थानीयबाट गुनासो आएको पुष्टि गर्दै वास्तविक अवस्था बुझ्न अनुगमन टोली गठन गर्ने तयारी भइरहेको बताए। उनका अनुसार अनुगमनपछि प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिइनेछ।

गाउँपालिकाका लेखा अधिकृत मतिन अन्सारीले वातावरण र जनस्वास्थ्यमा प्रत्यक्ष असर पार्ने विषय भएकाले यसलाई बेवास्ता गर्न नसकिने बताए। उनले सरोकारवाला निकायसँग सहकार्य गरेर समस्या समाधानतर्फ पहल गरिने जानकारी दिए।

यता स्थानीय बासिन्दाले भने नहरमा मिसाइएको दुर्गन्धित र प्रदूषित पानीले मानव स्वास्थ्यसँगै पशुपन्छीको ज्यानसमेत जोखिममा पारेको भन्दै तत्काल अनुगमन गरी समस्या समाधान गर्न माग गरेका छन्। उनीहरूले सम्बन्धित निकायले समयमै ध्यान नदिए वातावरणीय संकट अझ गम्भीर बन्न सक्ने चेतावनीसमेत दिएका छन्।

## पोष्टमार्टम...

पाठेघरबाट अत्याधिक रक्तश्रापका कारण मृत्यु भएको बताए।

प्रहरी प्रवक्ता बुढथापाले घटनास्थलबाट पक्राउ परेका बालकले इनिसासँग शारीरिक सम्पर्क गरेको र त्यसपश्चात अत्याधिक रक्तश्राव भई अचेत भएको बयान दिएका छन्। उनका अनुसार इनिसा अचेतपछि ति बालकले अन्य तीन जना साथिलाई बोलाएका थिए। 'पोष्टमार्टम रिपोर्टमा अत्याधिक रक्तश्राप मुत्युको कारण देखिएको छ,' प्रवक्ता बुढथापाले भने, 'थप अनुसन्धानका लागि भ्याजाइनल स्वाबको रिपोर्ट आउन बाँकी। उक्त रिपोर्टपछि अन्य तीन जनाको संलग्नता भए नभएको खुल्छ।' उनले अनुसन्धानबाट पक्राउ परेका अन्य बालक दोषि देखिए कानुन बमोजिम कारवाही हुने उल्लेख गर्दै भने, ' उहाँहरुले उठाउनु भएका मागहरु जायज छन्, अनुसन्धानका क्रममा कसैलाई जोगाउने वा प्रमाण मेटाउने काम प्रहरीले गर्दैन।' उनले घटनाका बारेमा सुक्ष्म अनुसन्धान जारी रहेकाले कसैले पनि अतिरञ्जना नफैलाउन आग्रह गरे।

प्रहरीले यसो भनिरहदा परिवारका सदस्यहरुले भने अस्पतालको रिपोर्टमै आशंका व्यक्त गरिरहेका छन्। सामुहिक बलत्कारपछि हत्या भएको घटनामा अस्पताले मृत्युको कारण रक्तश्राप देखाएर दोषिलाई उम्काउन खोजिएको उनीहरुको आरोप छ। घटना घटेको लामो समयसम्म पनि प्रहरीले विश्वस्त हुने आधार नदिएको भन्दै पीडित परिवारले आन्दोलनसमेत थालेका छन्। मृतक इनिसाकी आमा तिलाले घटनाको निष्पक्ष छानविन गरि दोषिमाथि हदैसम्मको कारवाही हुनु पर्ने माग गरेकी छन्। सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायलाई ध्यानाकर्षण पत्र बुझाउँदै उनले निर्दोष छोरीको हत्यामा संलग्नहरुले कुनैपनि हालतमा उन्मुक्ति पाउन नहुने माग गरिन। यस विषयमा विभिन्न मानअधिकार सम्बद्ध संघसंस्थाहरुले समेत चासो व्यक्त गरेका छन्। उनीहरुले पनि सत्य, तथ्य र निष्पक्ष छानवीन गरी दोषिमाथि कारवाही हुनुपर्ने माग गरेका छन्। यता छोरीको मृत्यु भएको खबरपछि घर आउन खोजेका इनिसाका बुवा इन्द्रबहादुर विक दुबई विमानस्थलमा अलपत्र परेका छन्। नेपाली सेनाबाट अवकाश प्राप्त इन्द्रबहादुर ६ वर्षयता दुबई प्रहरीमा कार्यरत छन्। परिवार स्रोतका अनुसार बिदामा घर आएर केही महिनाअघि मात्रै इन्द्रबहादुर दुबई फर्किएका थिए। मध्यपूर्वी देश इरान र इजरायल युद्धका कारण उडान अनिश्चित भएपछि उनी दुबैमा रोकिएका हुन्।

## Birendranagar Municipality
## Office Of The Municipal Executive

**Birendranagar, Surkhet**
**Karnali province, Nepal**

### Invitation For Bids

**(First Date of publication: - 2082.11.28 B.S.)**

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Birendranagar Surkhet Phone No: 9858063111 & PPMO website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & Including PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/BM/W/ 082/083/64 | Construction of Siddhabahira Balak Ko Skul Building, Birendranagar 8, Surkhet | NRs. 3000/- | NRs. 4,456,105.89 | NRs.1,11,500.00 | 2082.12.27, 12:00 Hr | 2082.12.27, 14:00 Hr |
| 2 | SQ/BM/WORKS/ 082/083/14re | Safe House (Maintenance & Construction), Birendranagar 8, Surkhet | NRs. 1000/- | NRs. 17,31,641.43 | NRs.43,200.00 | 2082.12.12, 12:00 Hr | 2082.12.12, 14:00 Hr |
| 3 | SQ/BM/WORKS/ 082/083/15re | Siddhabahira Balak Ko Bidhyalaya Maintenance Work, Birendranagar 8, Surkhet | NRs. 1000/- | NRs. 17,33,697.35 | NRs.43,500.00 | 2082.12.12, 12:00 Hr | 2082.12.12, 14:00 Hr |
| 4 | SQ/BM/W/ 082/083/17re | Lagansil Tole Duryapane khola Culvert Construction Work , Birendranagar-1,Surkhet | NRs. 1000/- | NRs. 11,18,286.85 | NRs.28,000.00 | 2082.12.12, 12:00 Hr | 2082.12.12, 14:00 Hr |
| 5 | SQ/BM/W/ 082/083/19 | Birendranagar Municiaplity ward No.-16, Aadarsha Nagar Tole Sichai Pokhari Nirman | NRs. 1000/- | NRs. 17,30,344.83 | NRs.50,700.00 | 2082.12.12, 12:00 Hr | 2082.12.12, 14:00 Hr |

**Chief Administrative Officer**


९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।



मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।





**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।